**Annex: 2**

## Article of Association

अनुसुची -२

(दफा-४ को उपदफा (१) सँग सम्बन्धित)

एकल शेयरधनी भएको कम्पनी संस्थापना गर्नको लागि दिने निवेदनको ढाँचा

श्रीमान् रजिष्टा रज्यु,
कम्पनी रजिष्टा रको कार्यालय,
................................ ।

विषय : कम्पनी संस्थापना गरी पाऊँ ।

महोदय,

मेरो ...................................... नामको एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनी संस्थापना गर्ने इच्छा भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ४ को उपदफा (१) बमोजिम कम्पनी संस्थापना गर्न तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु। उक्त नामको कम्पनी दर्ता गरी पाउँ ।

तपसिल

१. प्रबन्धपत्र दुई प्रति,

२. नियमावली दुई प्रति (यदि कम्पनी ऐन, २०६३ को दफा ४ को उपदफा (२) को यवस्था अनुसार कम्पनी संस्थापनाको लागि तोकिएको ढाँचाको नियमावलीलाई नै स्वीकार गर्ने भए छुट्टै नियमावली पेश गर्नु पर्ने तर तोकिएको ढाँचाको नियमावली नै स्वीकार गर्ने कुरा खुलाउनु पर्दछ ।)

३. संस्थापक नेपाली नागरिक भएमा संस्थापकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

४. कम्पनी संस्थापना गर्ने बारे सम्बन्धित निकायको पुर्व स्वीकृति वा इजाजतपत्र (कुनै निकायको पुर्व स्वीकृति वा इजाजतपत्र चाहिने भएमा मात्र )

५. संस्थापक संगठित संस्था भए ,
(क) संस्था दर्ता प्रमाणपत्र,
(ख) कम्पनी संस्थापना बारे सञ्चालक समितिको निर्णय,
(ग) संस्थापना वा दर्ताको प्रमाणपत्र तथा संस्थापना सम्बन्धी प्रमुख लिखतहरु,
(घ) संस्थापकको रुपमा संगठित संस्थाको प्रतिनिधित्व गर्ने यक्तिको नियुक्त सम्बन्धी लिखत ।

६. विदेशी लगानी हुने भए, -
(क) विदेशी लगानी बारे सम्बन्धी निकायको अनुमति पत्र,
(ख) संस्थापक विदेशी यक्ति भए निज कुन मुलुकको नागरिक हो सो खुल्ने प्रमाण वा राहदानीको प्रतिलिपी,
(ग) संस्थापक विदेशी संगठित संस्था भए संस्थापनाको प्रमाणपत्रको प्रतिलिपी तथा संस्थापना सम्बन्धी प्रमुख लिखतहरु (जस्तै- प्रबन्धपत्र,नियमावली वा विधान ) ।

७. उपर्युक्त यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

मिति :

निवेदक
दस्तखत
नाम,थर :
स्थायी ठेगाना :
हालको टेलिफोन :
टेलिफोन :